बाल सन्दर्भ सामग्री – ९

# बाललीला



नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

# बाललीला



यो किताब
पुस्तकालय प्रयोजनका लागि हो।
बिक्री गर्न पाइने छैन।

सामग्री सङ्कलन
बाल साहित्य समाज, नेपाल

चित्राङ्कन कर्ता
टार्जन राई

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७३

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो । यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ । यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन् ।

# हाम्रो भनाइ

बाल बालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइ सम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बाल बालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्य पुस्तकमा भएका विषय वस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो । प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बाल बालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७३ पाठ्यक्रम विकास केन्द्र

# विषय सूची


| क्र.स. | कविता | कवि | पृष्ठ सङ्ख्या |
|---|---|---|---|
| १. | त्यस्तो हुँदा कस्तो | माधव घिमिरे | ५ |
| २. | झाले माले भाले | कृष्णप्रसाद पराजुली | ६ |
| ३. | सवाल जवाफ | दुर्गालाल श्रेष्ठ | ७ |
| ४. | पासाङ ल्हामु शेर्पा | क्षेत्रप्रताप अधिकारी | ८ |
| ५. | माटो भन्नु सिर्जना हो | दैवज्ञराज न्यौपाने | ९ |
| ६. | कोल हरायो | रामबाबु सुवेदी | १० |
| ७. | बेल ! बेल ! | प्रभा भट्टराई | ११ |
| ८. | कान्छी औँलाले | माधव घिमिरे | १२ |
| ९. | गोरेटोमा आइयो | कृष्णप्रसाद पराजुली | १३ |
| १०. | मेरो गाउँ | कालीप्रसाद रिजाल | १४ |
| ११. | भानु र भाषा | क्षेत्रप्रताप अधिकारी | १५ |
| १२. | कविता पहेली | दैवज्ञराज न्यौपाने | १६ |
| १३. | हामी लालाबाला | रामबाबु सुवेदी | १७ |
| १४. | फर्सी | प्रभा भट्टराई | १८ |
| १५. | त्यहाँ ज्योति बल्यो | माधव घिमिरे | १९ |
| १६. | राम्रै राम्रा | कृष्णप्रसाद पराजुली | २१ |
| १७. | सबै मेरा गुरु | कालीप्रसाद रिजाल | २२ |
| १८. | जाडो भयो किन ? | दैवज्ञराज न्यौपाने | २३ |
| १९. | सहिदलाई नमस्कार | रामबाबु सुवेदी | २४ |
| २०. | आऊ सँगै जाऊँ | प्रभा भट्टराई | २५ |
| २१. | राम्रो | क्षेत्रप्रताप अधिकारी | २६ |
| २२. | पानी ! पानी ! | दुर्गालाल श्रेष्ठ | २७ |
| २३. | राम्रो मान्छे बनौँ | कालीप्रसाद रिजाल | २८ |
| २४. | जुन गयो कता ! | दैवज्ञराज न्यौपाने | २९ |
| २५. | खोला साथी | प्रभा भट्टराई | २८ |
| २६. | पोखरा | रामबाबु सुवेदी | ३१ |
| २७. | देशको माया | क्षेत्रप्रताप अधिकारी | ३२ |
| २८. | आमा ! | कृष्णप्रसाद पराजुली | ३३ |
| २९. | मेरो घर | दुर्गालाल श्रेष्ठ | ३४ |
| ३०. | बाललीला | माधव घिमिरे | ३५ |

# त्यस्तो हुँदा कस्तो

● माधव घिमिरे

यस्तो हुँदा यति मजा, त्यस्तो हुँदा कस्तो !
एक दिन एकैछिन बनिदिऊँ त्यस्तो ।


हिँड्दाहिँड्दै बाघ देखे, पन्छी बनी उडूँ
उड्दाउड्दै बाज देखे, मान्छे बनी हिँडूँ
बिपनीमा किन हुन्न सपनीमा जस्तो
एक दिन एकैछिन बनिदिऊँ त्यस्तो ।



तारा सबै मान्छे बनून्, मान्छे सबै तारा
एक अर्कालाई हेरी छक्कै परून् सारा
आफ्नै छाया तालमा हेरी माछापुच्छ्रे जस्तो
यस्तो हुँदा यति मजा, त्यस्तो हुँदा कस्तो !

मैले दुख दिँदाखेरी भाइ रुँदाखेरी
भाइको रूप लिइदिऊँ आफ्नो रूप फेरी
अरिकाको पिर जानूँ आफ्नै पिरजस्तो
यस्तो हुँदा यति मजा त्यस्तो हुँदा कस्तो !

# झाले माले भाले



● कृष्णप्रसाद पराजुली



झाले बास्यो मकै ल्याऊँ
घट्ट लगी पिँधी ल्याऊँ
आगो बालूँ, रोटी हालूँ
सँगै बसी खान थालूँ ।



माले बास्यो भैगो नाई
चुपै लागूँ, छैन ताई
खोरमा गई उँघ्छु म त
सपनामा कता कता ।



झाले गयो, मकै ल्यायो
पिठो पिँधी फर्की आयो
आगो बाल्यो, ताल बसाल्यो
रोटी हाल्यो, खान थाल्यो ।



माले आई भन्यो साथी !
एक्लै खाने कस्तो छाती !
बस्यौँ खेल्यौँ सँगै गाई
आधा रोटी देऊ न भाइ !

# सवाल जवाफ

● दुर्गालाल श्रेष्ठ



चरा, किन ठुङ्छौ तिमी
पिँजराको डन्डी ?
मन पर्दैन कत्ति मलाई
यस्तो घेराबन्दी ।



यो त घर बुट्टेदार
हेर, कति झ्याल ?
तर यहाँ देख्छु म त
ज्यूँदै आफ्नो काल ।



खानलाई दाना छ नि
प्युनलाई पानी
जिन्दगानी दानापानी
मात्र होइन नानी ।



कसो गरे हुन्छ तिम्रो
जिन्दगानी राम्रो ?
सिङ्गै आकाश अँगालेर
हिंड्ने बानी हाम्रो ।

# पासाङ ल्हामु शेर्पा

● क्षेत्रप्रताप अधिकारी



वीराङ्गना पासाङ ल्हामु !
हिमचुलीमा खुल्यौ तिमी
फर्किएर आइनौ फेरि
सगरमै भुल्यौ तिमी ।

सगरमाथा माथि माथि
हिमानीमा डुल्यौ तिमी
आँखाभरि पाखाभरि
सुनाखरी फुल्यौ तिमी ।

को फुल्छ र झरेपछि
फुल्ने गरी झर्‍यौ तिमी
को बाँच्छ र मरेपछि
बाँच्ने गरी मर्‍यौ तिमी ।



नेपालभन्दा माथि हिमाल
हिमालभन्दा माथि तिमी
भाइबैनीका लागि दिदी
हौसला र साथी तिमी ।

तिम्रो जस्तो बहादुरी
लेख्दै पढ्दै गएपछि
चुलीमाथि चुली थप्छौँ
हामी ठुला भएपछि ।

# माटो भन्नु सिर्जना हो

● दैवज्ञराज न्यौपाने



सोधेँ मैले सुनलाई
के के दिन्छ्यौ नानी
सुन नानी मुस्कुराई
गरगहना बनी ।



सोधेँ मैले ढुङ्गालाई
के दिन्छौ लौ भन
उसले भन्यो मूर्तिभित्र
दिन्छु भगवान् ।



माटालाई सोधेँ अनि
के दिन्छ्यौ नि तिमी
उसले भनी सधैँ मेरो
उर्वरा छ जिमी ।

वास्तवमा सबैभन्दा
माटो रै, छ दानी
माटो भन्नु सिर्जना हो
माटो जिन्दगानी ।

# कोल हरायो

• रामबाबु सुवेदी

कोल हरायो साथी कोल हरायो
मानिसले खुदो खट्टे खान डरायो ।



कोल्डाँडामा उखु पेल्न कति धाइयो
ताजा ताजा खुदो भेली कति खाइयो
कोल आज उखेलियो गाउँ डल्लियो
यो किनेको खुदो खाँदा मुखै खल्लियो ।



तोरी पेल्ने कोठकोल कता हरायो
बजारको तेल खाँदा पेटै करायो
जमाना नै नक्कली भो तेल नक्कली
कोल्डाँडाको कोल थियो सारै सक्कली ।



तिमी भन्छौ कोल पेल्ने गयो जमाना
कोल्डाँडामा खोलिँदै छ ठुलो कारखाना
तर कोल उखेलिया कहाँ सहन्छु
म त आफैँ कोल बनी घुमिरहन्छु ।

# बेल ! बेल !



● प्रभा भट्टराई



कौवालाई बेल पाक्यो न हर्ष न दुख
तर पनि मानिसलाई दिन सक्छु सुख
गुलियो छु जरादेखि हाँगा पातसम्म
तिखा तिखा काँडामाथि फल्छु लटरम्म ।



यौटै भेट्नाबाट निस्के तिन ओटा पात
पूजा गर्दा शिवजीको सधैँ दिन्छु साथ
हेर्दा उति राम्रो छैन सारोसारो खोल
फाडी खाँदा कति मिठो गुदी अनमोल ।

काँचो छँदा गर्मी फाल्छु, पाकेपछि ठन्डी
मेरै छातीभित्र मिठो अमृत छ बन्दी
मेरो मान, मेरो सान चिन्नेहरू चिन्छन्
कतिले त बिहे गर्छ छोरी पनि दिन्छन् ।

# कान्छी औंलाले



• माधव घिमिरे

फुलबारीमा फुल फुल्यो
मेरो आँखा कहाँ डुल्यो
देखाउँछ कान्छो भाइ कान्छी औंलाले ।

फुल यसै कुहिन्छ
तारा त्यसै तुहिन्छ
देखाउन हुन्न रे चोर औंलाले ।




हिजो जेथा गुमायौ
ठुलो नाम कमायौ
तिमीलाई देखाउँथे कान्छी औंलाले ।

आज नाम गुमायौ
ठुलो जेथा कमायौ
तिमीलाई देखाऊँ कुन औंलाले ?

# गोरेटोमा आइयो



● कृष्णप्रसाद पराजुली



जान्न धेरै बाँकी छ बल्ल थाहा पाइयो
अब भने साथी हो गोरेटोमा आइयो ।

बुझेँ मैले पृथ्वी कसरी हो बनेको
कथा मात्रै रहेछ अचल छ भनेको
भन्नुहुन्छ तपाइँ चन्द्रमालाई देउता
चन्द्रमा त रहेछन् ग्रह मात्र एउटा ।



भाइ सुत्यो ज्वराले धामी खोज्न धाइयो
धामी आइ फलाक्यो कालो बोको चाहियो
ज्वरो कत्ति हटेन धोका दियो धामीले
डाक्टर वैद्य नचिन्दा दुख पायौँ हामीले ।



अस्ति भर्खर रामुको पेट धेरै दुखेछ
पखालाले जिउको पानी सबै सुकेछ
पानी खानु हुँदैन भनी कुरा छाँटेछन्
नुन चिनी पानीले बल्ल उनी बाँचेछन् ।

# मेरो गाउँ

● कालीप्रसाद रिजाल

पहाडको फेदीमा छ मेरो सानो गाउँ
प्यारो लाग्छ जन्मिएको हुर्किएको ठाउँ ।



घामसितै डाँडापारि हिमालचुली खुल्छ
धानको बाला लरिबरी खेतैभरि झुल्छ
पाखाभरि थरीथरी फुलको छ मेला
ऐँसेलु र काफल खाने आयो क्यारे बेला !

खोलाखोली राम्रो लाग्छ, राम्रो लाग्छ वन
राम्रो भन्नु संसारमा आफ्नै रै छ मन
आँखाभरि घुमेको छ त्यो गाउँको चित्र
बसेको छ मेरो गाउँ मेरै छातीभित्र ।



रातो माटो पोतिएका साना साना घर
द्यौरालीको चिसो हावा पिपल र वर
गामैगामले बनेको छ नेपाल यो हाम्रो
गाउँको विकास भए मात्र देश बन्छ राम्रो ।

# भानु र भाषा

● क्षेत्रप्रताप अधिकारी



चुँदीपारि भानु आए
सानैदेखि शिक्षा पाए
तलमाथि रम्घा गाउँ
चल्न थाल्यो राम्रो नाउँ ।

भाषा ठुलो देख्न थाले
भानु बाले लेख्न थाले
तिम्रो भाषा हाम्रो भाषा
नेपालीको राम्रो भाषा ।

यो भाषाले बँसी पाखा
जताततै खोल्यो आँखा
बिहे पर्व सोली डोली
एकै बोली एकै लोली ।




घाँसीसित अर्ती लिए
रामायण कीर्ति दिए
कान्तिपुरी धाए धेरै
दुखकष्ट पाए धेरै !

सबै जातको फुलबारीमा
साझा भाषा फुल्यो खासा
अजम्मरी भए भानु
अजम्मरी हाम्रो भाषा ॥

# कविता पहेली



● दैवज्ञराज न्यौपाने

**प्रश्न**


पहिलो वनको नाउँ
दोस्रो पन्छी छ सम्झिने
'न' को लौरो झिकी जोड्दा
अर्को नाम नयाँ हुने



बस्दैन वनमा किन्तु
बस्छ त्यो घरमा गई
काठको काम त्यो गर्छ
अर्काको भरमा रही ।

दोस्रो वर्ण झिके बन्छ
सानो बालक त्यो चरो
भन त्यो कसको नाउँ
के हो उत्तरको कुरो ?

**उत्तर**



'वन'को साथमा मिल्ने
'चरो' हो त्यो रमाउँछ
'न' को लौरो झिकौं साथी !
'बन्चरो' हुन आउँछ ।

बन्चरो वनमा होइन
घरमै बस्न आउँछ ।
'न' झिके 'बचरो' बन्छ
सवालैमा जवाफ छ ।

# हामी लालाबाला



● रामबाबु सुवेदी

शिखरमा चिर्बिराई चेतनाकी नयाँ चरी
तराईका मैदानमा धानका बाला लरिबरी
हामी लालाबालाहरू सभ्यताका नयाँ रेखी
स्वदेशको सेवा गर्छौं पैतालाले माटो टेकी ।



हामी नै हौँ मुसिकोटे सिमिकोटे चरिकोटे
सन्धिखर्के भक्तपुरे मुस्ताङे र जाजरकोटे
कञ्चनपुरे नुवाकोटे चितौने र पाँचथरे
गाईघाटे बझाङे र प्युठानेको सलाम छ रे ।



जति हेऱ्यो उति राम्रो इलामको चियाबारी
खेल्छौं हामी रमाएर डडेल्धुरा वारिपारि
यौटै फुलबारीभित्र हाम्रा रूप अनेक छन्
एकतामै भविष्य छ पृथ्वीले भनेका छन् ।



पुस्तकका पानैपिच्छे सिर्जनाका रसभरी
कलम र कापीसित  खेल्छौँ हामी घरी घरी
ज्योति आफैँ बन्छौँ हामी बस्दैनौँ है अँधेरीमा
स्वदेशलाई राख्छौँ हामी हृदयका मझेरीमा

# फर्सी

● प्रभा भट्टराई



नागबेली लहरो छ ठुलो ठुलो पात
बारी, डिल, कान्लातिर फल्ने मेरो जात
सुनजस्तै फुल मिठो, उस्तै मिठो मुन्टा
पकाउनेलाई भन्दा पनि केलाउनेलाई टन्टा ।

कबेली र कद्दु भन्छन् मलाई कतै कतै
मेरा जरा पुगेका छन् तर जताततै
छानातिर लटरम्म कैँडादार फर्सी
कैँडालाई पकाउँदा आउँछे बास्ना बर्सी ।

छोरो पाए खसी खालिस्, छोरी पाए फर्सी
छोरीजस्तै हेपिइन्थ्यो हिजोअस्ति फर्सी
पौरखी छन् छोरी अब, पोसिलो छ फर्सी
रोपिहाल, खाइहाल किन बस्ने पर्खी ?

मेरो रङ कति राम्रो रूपै कति राम्रो
यो पोटिलो अनुहार कतै छैन दाम्रो
स्वादैस्वाद मसित छन् पारखीका लागि
फर्सी खान नपाउने मान्छे हो अभागी ।

# त्यहाँ ज्योति बल्यो

● माधव घिमिरे




नेपालको माटो दुस्मनले टेक्यो
हिमालमा उड्ने गरुडले देख्यो
छड्गाछुर भिर
ढुङ्गा चारैतिर
किल्ला बाँधी बस्थे बलभद्र वीर ।



बारुदको गन्ध धुवाँ कुइरी मण्डल
यता जाऊँ कि उता चारैतिर अल्मल
गाई गोठमा पुगे
लैना बाच्छा सुँघे
भालेपोथी पन्छी गुँडैमाथि रिङ्गे ।



पड्के तोप पड्के कम्पमान पर्वत
बिदा मागी हिंड्ने कहाँ कल्लाई फुर्सद
सत्तरीका बुढा
चिर्दाचिर्दै मुढा
हिंडे धावा बोली उजाएर खुँडा



उडे काकाकुल पानी ! पानी बोल्दै
हिँडे आइमाई तेल पेल्दापेल्दै
दाँतले डोरी टोकी
दरे भिरमा टेकी
चढे किल्लामाथि रसद पानी बोकी

गुँदेलीको ताँदो कानसम्म तानी
तारो हानी खेल्थे रमाइलो मानी
खलङ्गाका बच्चा
उमेर अझै कच्चा
आज खेल्न दौडे लडाइँ बल्ल सच्चा ।



तोप गोली झिल्झिल दुस्मनले फ्याँके
अचम्मको दृश्य पर्खालमाथि देखे
छाती फर्काई फर्काई
ढुङ्गा बर्साई बर्साई
चिच्याइ रैछ बच्चा मुटु थर्काई थर्काई ।

नालापानी किल्ला क्या लडाइँ भयो !
पड्के तोप गोला क्या बडाइँ भयो !
जहाँ केटो ढल्यो
त्यहीँ ज्योति बल्यो
त्यसको नाम के हो, देशको नाम चल्यो ।

# राम्रै राम्रा

● कृष्णप्रसाद पराजुली

नेपालको शीतल ठाउँ राम्रो
सानै भए ता पनि गाउँ राम्रो
हिमाल राम्रो, जलताल राम्रो
छाँगा छहारी सब लाग्छ राम्रो !





खुल्दा बिहानीसँग घाम राम्रो
सन्ध्या सुनौला रङ लाग्छ राम्रो
स्वप्ना सिँगार्दा निदरी छ राम्रो
बिम्झेर बस्दा गुँदरी छ राम्रो ।

चौँरी चऱ्यो उत्तर लेक राम्रो
बाली झुल्यो दक्षिण भेक राम्रो
मेची र कालीसँग खेल्नु राम्रो
यो जिन्दगी धप्धप बल्नु राम्रो ।





आकाश खुल्दा दिन हुन्छ राम्रो
फुल्दा गुराँसै वन हुन्छ राम्रो
हाँस्ने र खेल्ने धरती छ राम्रो
मान्छेहरूकै मन लाग्छ राम्रो ।

# सबै मेरा गुरु

● कालीप्रसाद रिजाल

संसार नै मेरो स्कुल सबै मेरा गुरु
सबैबाट शिक्षा लिन्छु म त खुरु खुरु
घामबाट शिक्षा लिन्छु सबको भलो गर्ने
ज्ञानको ज्योति फैलाएर अन्धकार हर्ने ।



वृक्ष पनि उदार छन्, दिन्छन् मिठो माया
पौरखीलाई फलफुल, बटुवालाई छाया
हावाबाट पनि मैले धेरै कुरा जानेँ
नदेखिने हावालाई पनि गुरु मानेँ ।
धेरै कुरा जानेँ मैले हावाबाट पनि
त्यसैले त माने गुरु हावालाई पनि ।

पर्वतले पनि मलाई शिक्षा दिँदै भन्छ
कर्तव्य र आदर्शमा अटल हुनुपर्छ
खोला पनि पुस्तकै हो संसारले पढ्ने
लक्ष्य आफ्नो नछोडेर अघि अघि बढ्ने ।

कानैनेर भुन्भुनाई माहुरीले भन्छ
एकताले जस्तोसुकै काम पनि बन्छ
फुल भन्छ सधैँ मलाई मिठो बास छर
काँडैकाँडाबिच पनि मुस्कुराउने गर ।

# जाडो भयो किन ?

● दैवज्ञराज न्यौपाने

जाडो भयो, जाडो भयो, जाडो भयो किन ?
पुस आयो लिइकन धुम्मिएका दिन ।



लेकबँसी सबैतिर आयो जाडो आयो
पहाड र तराईको सेरोफेरो छायो
पानी छुँदा ठिहिऱ्याउँछ कठ्याङ्ग्रिन्छ जिउ
आगो देख्दा लोभ लाग्छ तातो मात्रै लिऊँ ।



यति धेरै निर्दयी भो यो हेमन्त किन ?
योभन्दा त जाती बरु शिशिरका दिन
आँत त्यसै लुग्लुगाउँछ, झन्झनाउँछन् गोडा
संसारमा छैन क्यारे तुसाराको जोडा !


कान केले छोपूँ हजुर ! नाक पर्ला फेला
नआए नि हुन्थ्यो बरु यो नजाती बेला
माछा पनि काम्छने अरे जाडो बढेपछि
धरती नै रन्थनिन्छ पुस चढेपछि ।





# सहिदलाई नमस्कार

● रामबाबु सुवेदी



बिहानीको लाली बनी
उठे शुक्र दशरथ
धर्म, गङ्गालाल उठे
उज्यालियो हाम्रो पथ ।

अन्यायका कोखबाट
अन्धकार कुइरिँदा
खाँटी आगो दन्दनियो
अँध्यारोले लियो बिदा ।

काँडाघारी ढलेपछि
सिस्नेघारी त्यसै ढल्यो
त्यहीँ प्रजातन्त्र फल्यो
सहिदको बास्ना चल्यो ।

ज्यान दिने सहिदलाई
दिऊँ हामी चोखो प्यार
हृदयका ज्योतिलाई
हृदयकै नमस्कार ।



# आऊ ! सँगै जाऊँ

● प्रभा भट्टराई



पहाडको फेदीमा छ यौटा सानो गाउँ
त्यतै घुम्न हिँडेकी म आऊ सँगै जाऊँ ।

उकालीमा मिठो मिठो कुराकानी गर्दै
द्यौरालीमा कुवा खोजी चिसो पानी प्यूँदै
कुहूँ कुहूँ कोइलीको सुन्दै जाउँला गीत
त्यो चरीले चाही भने लगाइदिउँला प्रीत ।



जाने भए सँगै हिँड पहाड घुमाइ दिउँला
नौ रङ्ग त्यो डाँफेलाई नाच्न लगाइ दिउँला
चिनाइ दिउँला खोलानाला धुपीसल्लासँग
लेकतिर कस्तुरीको बास्ना मगमग ।



तर्सिएलान् चरी बरी गर्न हुन्न हल्ला
पालैपालो उफारौँला हिउँ नै हिउँका डल्ला
बाटो भुले कतैबाट सोध्दै सोध्दै जाउँला
चाँदीजस्तो हिउँचुलीको फोटो खिची ल्याउँला

# राम्रो

● क्षेत्रप्रताप अधिकारी

हिमालभन्दा हाम्रो भन्नु
हाम्रो केही छैन
नेपालभन्दा राम्रो भन्नु
राम्रो केही छैन ।






अझै अग्लो हुन्छ हिमाल
हामीले शिखर छुन सके
अझै राम्रो हुन्छ नेपाल
हामी राम्रो हुन सके
मनको मैलो धुन सके ।



पहाडभन्दा हाम्रो भन्नु
हाम्रो केही छैन
नेपालभन्दा राम्रो भन्नु
राम्रो केही छैन ।



मेचीदेखि महाकाली
हिमचुलीको मिठो छाया
यतै माया उतै माया
माया गरे धेरै माया
माया मारे केको माया !



तराईभन्दा हाम्रो भन्नु
हाम्रो केही छैन
नेपालभन्दा राम्रो भन्नु
राम्रो केही छैन ।

# पानी ! पानी ! !

● दुर्गालाल श्रेष्ठ

हप हप हावा, धप धप घाम
छिः कस्तो यो वर्षायाम
जर जर माटो, हर हर घाँस
तैपनि सबमा झिनो आस ।



आँ आँ गर्दै सय मुख बाई
ताक्दै उँभो अम्बरलाई
घरी माग्छ पानी पानी
भित्रै देखिन् घाँटी तानी ।






पानी ! पानी ! ! सबैतिर पानी !
टुलु टुलु हेर्छिन् बादल नानी
माथि छ पानी तलतिर प्यास
बिचमा मस्त छ क्रूर विनाश ।



धरतीको यो मर्म बुझेर
चिन्ता बिजुलीसरि मिल्केर
कहिले बादल नानी रोली !
डोली चढ्दै रानी होली !



# राम्रो मान्छे बनौँ

● कालीप्रसाद रिजाल



को हो भनी सोधे भने नेपाली हौँ भनौँ
ठुलो मान्छेभन्दा पनि राम्रो मान्छे बनौँ ।

पढी गुनीकन हामी राम्रो बन्नुपर्छ
मेरो मेरो मात्र होइन हाम्रो भन्नुपर्छ
बाबुआमा गुरुलाई सधैँ मान गरौँ
दुखियाको सेवा गर्न अघि अघि सरौँ ।



यी आँखाले सधैँ सधैँ राम्रा चिज हेरौँ
कुरा चाहिँ थोरै अनि काम धेरै गरौँ
राम्रा कुरा सुनौँ सधैँ राम्रा कुरा बोलौँ
यो भाग्यको ढोका आफ्नै बर्कतले खोलौँ ।



यी कानले सधैँ सधैँ राम्रो कुरा सुनौँ
नेपालीको भलो हुने कुरा मनले गुनौँ
हामीलाई अल्झाउने काँडाहरू भाँचौँ
सबै मिली हाँसौँ अनि सबै मिली बाँचौँ ।

# जुन गयो कता !

● दैवज्ञराज न्यौपाने



मेरो जुन यहाँ छैन कता गयो कता !
थाहा भए त्यो जुनको बताइदेऊ पता ।

किरणको कुचो लिई अँधेरीमा आई
भर्दै थियो रङरेखा राम्रो पार्नलाई
कालो कालो बादलुले ढाकेछ कि कसो !
जुन किन देखिएन पाइनँ मेलोमेसो ।



अमृतको खाँचो थियो बालीबोटलाई
विश्वासको खाँचो थियो बोल्ने ओठलाई
जुनैसित माग्नु थियो कविताको फाँकी
जुनबिना भेटिएन कुनै पनि झाँकी ।



खेल्दै थियो तारासित हाँस्दै माथि माथि
तल थियौँ रमाएका हामी धेरै साथी
गयो कि त्यो बतासिँदै बादलुको पारि
कति दिन जुनसित खेलूँ लुकामारी ।



# खोला साथी

● प्रभा भट्टराई

कहाँ जाने खोला साथी ? पर्ख एकैछिन
सँगै खेल्ने सँगीलाई बिर्सिएको किन ?
पढ्न लेख्न भनीकन बोकी आएँ झोला
छुट्टिएर गयो भनी रिस उठ्यो होला !

तिमी पनि बग्दै त छौ जता जान्छ पानी
मलाई पनि बगायो है ! समयले तानी
भन्दा रहेछन् धेरै ठुलो मानिसको चोला
तिमी जस्तै बन्न त खै, गारै पर्छ होला !

मानिस र पशुपन्छी बिरुवाका लागि
छङछङ गर्दै बगेका छौ दिनरात जागी
तिम्रै किनारामा खेल्छे प्रकृतिकी रानी
साथी तिम्रा धेरै होलान् खेल छानी छानी ।



कल कल कस्तो मिठो गीत सुनाउँछ्यौ
खेतबारी डुली डुली अन्न फलाउँछ्यौ
जिन्दगी नै दिन सक्ने तिमी कति दानी !
रोकिन्छ है तिमीबिना हाम्रो अन्नपानी ।

# पोखरा

● रामबाबु सुवेदी

पोखराका डाँडाकाँडा ताल बेँसी फाँट
जता हेऱ्यो त्यतै देख्छु प्रकृतिको छाँट
धौलागिरी शृङ्खलामा माछापुच्छ्रे नामी
आफ्नै अग्ला शिखरमा चढ्छौँ भरे हामी ।





त्यो माहेन्द्री गुफाभित्र अझै पसूँजस्तो
यो शीतलो छहारीमा सधैँ बसूँजस्तो
सराङ्कोटे उचाइमा हाम्रै उचाइ रे
संसारकै सुन्दरता पोखरामा छ रे ।

हृदयका तलतिर केको खलबल
सतहमा मानिसले रेल्यो क्यारे छल
सेती नदी नत्र किन बगी भित्रभित्र ?
भास्सिएको जिन्दगानी सधैँ अलपत्र ।

फेवाताल के छ हाल ! तैँ होस् गैरीखेत
तेरै छातीभित्र मैले रोपेको छु चेत
बाराहीको मन्दिरको मै घन्टीको रालो
रन्न रन्न बजेपछि आउँछ हाम्रो पालो ।



# देशको माया




● क्षेत्रप्रताप अधिकारी

देशको माया गर्न गारो छ
देशको माया मार्न गारो छ ।



आफ्नो घामको उज्यालामा
आफ्नै आँखा हेर्नुपर्छ
आफ्नै गामको खैँजेडीमा
आफ्नै भाका फेर्नुपर्छ ।





हाँसे पनि हँसाइदिने
आफ्नै खुसी हुनुपर्छ
रोए पनि नानीभरि
आफ्नै आँसु रुनुपर्छ ।



मर्स्याङ्दीलाई माया गर्ने
आफ्नै मुटु हुनुपर्छ
माया गर्ने वाचा गर्दा
आफ्नै माटो छुनुपर्छ ।

# आमा !

● कृष्णप्रसाद पराजुली



आमा ! म तिम्रै प्रिय काखमा छु
यै देशको सुन्दर वासमा छु
माया मलाई जुन रुख दिन्छ
छाया प्यारो उसकै त हुन्छ ।

आमा ! म तिम्रै दिलमा फुलेको
हुँ कोपिलो बागमहाँ झुलेको
तिम्रो दुखेसो अब बुझ्न सक्छु
आँधीहुरीमा पनि कुद्न सक्छु ।



धर्ती छ हेरूँ, रमणीय मेरो
नाच्दै लगाऊँ, यसकै म फेरो
मेची र काली हिउँको म छाया
आमा ! म तिम्रो ममता र माया ।



ती हात मेरा शिरमाथि राख
आमा ! उज्यालो घरभित्र डाक
चढूँ चुलीमा, नगरूँ बियाँलो
उठी हटाऊँ, जगको तुवाँलो ।

# मेरो घर

● दुर्गालाल श्रेष्ठ



जत्तिकै म रहूँ पर
जब जब पर्छ साँझ
त्यसै त्यसै मेरो घर
टुपुल्किन्छ मुटु माझ ।

त्यो घर त्यो मेरो घर
हुन्छ मेरो यति वर
त्योभन्दा त ज्यानै बरु
छ कि जस्तो अलि पर ।



त्यो घर त्यो इँटा काठ
ठडिएको लिङ्गो होइन
कोठा झ्याल नाना दाना
भित्र पनि सिङ्गो छैन ।

त्यो घर हो यस्तो यौटा
स्नेह तिलस्मीको फुल
फुल जहाँसुकै फुलोस्
यो मुटु नै त्यसको मूल ।

# बाललीला

● माधव घिमिरे

पहाड पारि र  पहाड वारि
नेपालको सुन्दर फुलबारी
डुलूँ त्यहीँ चञ्चल भई चहार्दै
छाया उछिन्दै, पुतली लघार्दै ।





म घाम छायामनि गई नुहाऊँ
र इन्द्रिनी पर्वतमा नुगाऊँ
के हो, कसो हो, किन हो नजानी
आनन्दले गदगद जिन्दगानी ।

चढी बुइमा कुट्नी बुढीको
संसार घुम्छे मनमा चढी जो,
नक्षत्र ताराहरू डुल्न जाऊँ
सप्ना उतारी धरती सजाऊँ ।

